STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन १८ गते बुधबार ❑ 2 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## एमसिसीमा द्वन्द्व सिर्जना गरेर राजनीति नगर्न अध्यक्ष ओलीको आग्रह

**रासस**
**काठमाडौं, १७ फागुन**

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले अमेरिकी सहयोग मिलीनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्बन्धी सम्झौता संसद्बाट पास भइसकेकाले अब राष्ट्रको हित प्रतिकूल नहुने गरी यसको कार्यान्वयन हुनुपर्ने बताएको छ।

एमालेले एमसिसीबारे पार्टीको धारणा सार्वजनिक गर्न आज आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा एमसिसीको पक्षमा आफ्नो धारणा सार्वजनिक गर्दै विदेशी सहायताको सम्झौता गर्नु अगाडि यथेष्ट ध्यान दिनुपर्नेमा सम्झौता नै गरिसकेपछि यसको कार्यान्वयनमा लाग्नुपर्ने बताएको हो । सो अवसरमा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमसिसीलाई विकास परियोजनाका रूपमा लिनुपर्ने बताउँदै यसमा मतभेद, द्वन्द्व सिर्जना गरेर राजनीति नगर्न आग्रह गर्नुभयो । एमसिसीको विरुद्धमा सडकमा कार्यकर्ता ओरालेर आन्दोलन गराउनु गलत भएको उहाँको भनाइ थियो। प्रमुख प्रतिपक्षी दलका नेतासमेत रहनुभएका अध्यक्ष ओलीले तत्काल ताजा जनादेशका लागि सरकार जानुपर्ने बताउँदै लोकतन्त्र र संविधान रक्षाका लागि कांग्रेस र एमालेबीच छलफल भएको बताउनुभयो। उहाँले लोकतन्त्रका लागि लड्दै आएको नेपाली कांग्रेस र एमालेबीच सहकार्य हुनुपर्नेसमेत बताउनुभयो । उहाँले एमसिसी पास गर्दा आफूहरूलाई संसदीय प्रक्रियामा सहभागी हुने वातावरणसमेत नबनाई एमालेलाई पाखा लगाउने काम भएको आरोप लगाउनुभयो ।

अध्यक्ष ओलीले प्रतिनिधिसभामा प्रस्तुत गरिएको एमसिसीको व्याख्यात्मक टिप्पणी भ्रमको खेती भएको आरोप लगाउनुभयो । एमसिसी सम्झौता इन्डो प्यासिफिक रणनीति (आइपिएस)को अङ्ग हो भनेर हल्ला चलाइएको तथा आफ्नो सरकारले संसद्मा पेस गरेर गल्ती गर्‍यो भनिएको प्रसंग उल्लेख गर्दै उहाँले तत्कालिन मन्त्री प्रदीप ज्ञवाली अमेरिका गएर यसलाई आइपिएसको अङ्ग बनाइयो भनेरसमेत हल्ला चलाइएको बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, "अमेरिका भनिरहेको छ आइपिएसको अङ्ग होइन । अहिले उहाँहरू पनि भन्नुहुन्छ आइपिएसको अङ्ग होइन । व्याख्यात्मक घोषणामा पनि उनीहरूले होइन भनेका छन् । अनि ज्ञवालीले आइपिएसको अङ्ग बनाएको भनेर कोलाहल किन गरेको ?"

## व्याख्यात्मक घोषणासहित एमसिसी अनुमोदनसँगै आशङ्का हटे : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, १७ फागुन**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले १२ बुँदे व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता प्रतिनिधिसभाबाट अनुमोदन भएसँगै यससम्बन्धीको आशङ्का हटेको बताउनुभएको छ।

एमसिसी अनुमोदनसँगै उठेका आशङ्कामाथि प्रस्ट्याउन आज आयोजित पत्रकार सम्मेलनमा उहाँले एमसिसीसम्बन्धी व्याख्यात्मक घोषणापछि आफ्नो पार्टी एमसिसीको पक्षमा उभिएको बताउनुभएको हो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेपालले संविधान र संसद्को सर्वोच्चता कायम तथा विधिको शासन स्थापित गर्न गठबन्धनमा आबद्ध दलहरू एमसिसीका सन्दर्भमा जनमानसमा देखिएका आशङ्का निवारण गर्ने गरी व्याख्यात्मक घोषणासहित सम्झौतालाई अनुमोदन गर्ने निर्णयमा पुगिएको बताउनुभयो । "एमसिसीका सम्बन्धमा स्पष्ट भएर अगाडि जानुपर्छ भनेर पार्टीले संस्थागत निर्णय गरेको हो । त्यसलाई प्रस्ट पार्नका लागि १२ बुँदे व्याख्यात्मक घोषणा आएपछि मात्र यसमा विश्वास गर्ने आधार बनेको हो । अहिले जनता पनि प्रस्ट भएका छन्, जनताको भावनाको प्रतिनिधित्व गर्ने पार्टी एकीकृत समाजवादी हो", उहाँले भन्नुभयो । अध्यक्ष नेपालले एमसिसी सम्झौताका कतिपय शङ्का र दोहोरो अर्थ लाग्ने विषयका बारेमा स्पष्ट निरुपण नगरी यथास्थितिमा अनुमोदन गरिनु हुँदैन भनेर आफ्नो पार्टीले दृढ अडान लिएका कारण व्याख्यात्मक घोषणासहित एमसिसी सम्झौता संसद्बाट अनुमोदन हुने अवस्थामा सिर्जना भएको बताउनुभयो। व्याख्यातमक घोषणाप्रति आलोचना गर्नेलाई उहाँले अन्तर्राष्ट्रिय कानूनसम्बन्धी ज्ञान नभएको भनी टिप्पणी गर्नुभयो । नेपालका छिमेकी तथा मित्र राष्ट्रसँगको सहकार्य गर्दै मुलुकलाई समृद्ध बनाइने उहाँको भनाइ छ । "सबै मित्र राष्ट्रसँग मैत्रीपूर्ण सम्बन्ध राख्न चाहन्छौँ, उनीहरूको सहयोग लिएर मुलुकको विकास गर्न चाहन्छौँ", उहाँले भन्नुभयो । व्याख्यात्मक घोषणासहित एमसिसी अनुमोदन भएसँगै मुलुक अगाडि बढेको उल्लेख गर्दै उहाँले आफूहरूलाई निमिट्यान्न पार्ने षडयन्त्र चकनाचुर भएको बताउनुभयो । "पछिल्ला दुई हप्तादेखिका षडयन्त्र एकै चुड्कीमा समाप्त भएका छन्, फागुन १ गते हाम्रो पार्टीको अस्तित्वलाई समाप्त पार्ने षडयन्त्र रचिएको थियो", अध्यक्ष नेपालले भन्नुभयो, " तर ती षडयन्त्र सफल हुन सकेन ।" अध्यक्ष नेपालले नेपालको भूमिबाट चीनलाई कुनै खतरा हुन्छ भनेर चासो व्यक्त गर्नु स्वाभाविक भएको बताउनुभयो। "नेपालको भूमिबाट चीन र भारतले आफूहरू विरोधी गतिविधि हुन्छ कि भनेर चासो राख्नुलाई हामी अस्वाभाविक मान्दैनौँ, नेपाल असंलग्न परराष्ट्र नीति अँगाल्ने देश हो भनेर हामी भन्न चाहन्छौँ," उहाँले भन्नुभयो, "नेपालको भूमि शान्ति भूमि हो, अशान्त हुन सक्दैन, नेपाल कुनै पनि गतिविधिमा संलग्न हुँदैन । नेपालबाट छिमेकी ढुक्क भए हुन्छ। हामी त्यस्तो हुन दिँदैनौँ।" अध्यक्ष नेपालले सभामुख अग्निप्रसाद सापकोटाले घुँडा टेक्ने कुरै नभएको बताउनुभएको छ। उहाँले सभामुखको पक्षमा एकीकृत समाजवादी पार्टी दृढतापूर्वक उभिने बताउनुभयो । "सभामुखले खुरुक्क राजीनामा दिने ? यो कुरा केपी ओलीले नचिताए हुन्छ", उहाँले भन्नुभयो, "हामी सभामुखको पक्षमा दृढतापूर्वक उभिन्छौँ ।" सभामुखले संसद् र सांसदहरूको अधिकारको रक्षा गरिरहनुभएको उहाँको टिप्पणी थियो । सभामुखमाथि अनुचित आरोप नलगाउन पनि उहाँले एमालेलाई चेतावनी दिनुभयो। "सभामुखप्रति अपमानजनक व्यवहार गर्ने, सभामुखको गरिमाको रक्षा गर्नुपर्दैन ?", प्रश्न गर्दै अध्यक्ष नेपालले भन्नुभयो, "एमालेको यो प्रवृत्ति गलत छ।"

## 'आँखा उपचार सेवा प्रभावकारी बन्दै'

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**



गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सीमित स्रोतसाधनका बाबजुद पनि नेपालमा आँखामा लाग्ने जस्तोसुकै रोगको उपचार प्रभावकारी बन्दै गएको बताउनुभएको छ।

पोखरा महानगरपालिका-१७ घारीपाटनस्थित हिमालय आँखा अस्पतालको २९औं वार्षिकोत्सव समारोहको मंगलबार उद्घाटन गर्दै उहाँले नेपाल सरकार तथा दातृनिकायको अथक प्रयासबाट स्थापना भएका अस्पतालबाट सर्वसाधारणको आँखा उपचारमा पहुँच पुगेको बताउनुभयो । 'आँखाको सुरक्षासँगै उपचारमा संलग्न चिकित्सकलगायत सम्पूर्ण शक्ति जिम्मेवार भएर लाग्नुपर्दछ', उहाँले भन्नुभयो । नेपालको पहिलो आँखा रोग विशेषज्ञ डा रामप्रसाद पोखरेलले २०२७ सालमा आँखाको उपचार र शल्यक्रिया शुरु गरेर अन्धकारमा रुपमलिएकालाई उज्यालो बाँढ्ने अभियानमा जुटेको सो अवसरमा प्रमुख गुरुङले स्मरण गर्नुभयो । उहाँले २०३८ सालमा अमेरिकी नागरिक डा विलेण्डले मुलुकको सबै क्षेत्रका आँखाका रोगीको १०८ नमूना सङ्कलन गरी परीक्षण गर्दा परेला फर्कने र मोतियाबिन्दु रोगको समस्या समाधान गर्न अभियान सञ्चालन भएको बताउनुभयो।

नेपालको आँखाको उपचार पद्धति गुणस्तरीय भएका कारण भारतीय नागरिकसमेत उपचारका लागि आउने गरेको उहाँले बताउनुभयो । उपचारमा आवश्यक अत्याधुनिक प्रविधि भित्र्याउन सक्दो सहयोग गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो । पोखरा विश्वविद्यालयका उपकुलपति प्रा डा प्रेमनारायण अर्यालले विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी आँखा अस्पतालले अप्थाम्लोजीको अध्ययन अध्यापन सञ्चालन गरेको उल्लेख गर्दै आगामी दिनमा आवश्यकताअनुसार अन्य विषय थपिने जानकारी दिनुभयो।

आँखा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा इलिया श्रेष्ठले अस्पतालले एक वर्षको अवधिमा एक लाख १७ हजार २८९ जनाको आँखा परीक्षण गर्नुका साथै पाँच हजार ५४२ जनाको शल्यक्रिया गरिएको जानकारी दिनुभयो। अस्पतालले यसअघि गण्डकी र कर्णाली प्रदेशका विभिन्न स्थानमा २६ आँखा शिविर सम्पन्न गरी १० हजार ८३३ जनाको आँखा परीक्षण र एक हजार ३७६ जनाको आँखाको शल्यक्रिया

बाँकी अन्तिम पृष्ठमा ▶▶

## उपमेयर गुरुङद्वारा धार्मिक योग पार्कको उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**



पोखरा महानगरपालिका र स्थानीयहरुको सहयोगमा पोखरा महानगर पालिका वडा नं- ६को गौरीघाट स्थितमा निर्माण भएको धार्मिक योग पार्कको मंगलबार उद्घाटन भएको छ।

पार्कको उद्घाटन पोखरा महानगर पालिकाकी उपमेयर मन्जुदेवी गुरुङले गरेकी छन । महाशिबरात्री पर्वको अबसर पारेर पार्क सगै रहेको सर्वेश्वर शिव मन्दिरको समेत जिणोद्धार गरिएको छ । उद्घाटनपछि सम्वोधन गर्दै उपमेयर गुरुङले महानगर पालिका क्षेत्रभित्र रहेका धार्मिक तथा पर्यटकीय पार्क तथा बहुउद्देश्यीय उद्यान निर्माणका लागि सहयोग गर्दै आएको जानकारी दिइन । धार्मिक पार्क पनि त्यहीमध्येको एक हो,' गुरुङले भनिन, 'पोखरा महानगरपालिकाको नीति तथा कार्यक्रम बमोजिम धार्मिक तथा पर्यटकीय पार्क तथा बहुदेश्यीय उद्यान निर्माणका लागि आर्थिक सहयोग गर्दै आएका छौं । पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा यो पार्क निर्माणपछि उदघाटन गर्ने चरणमा पुग्दा खुशी लागेको छ ।' उप.प्रमुख गुरुङले कोही एक्लै अघि बढ्न नसक्ने भन्दै सबैको सहकार्यमा मात्रै पोखरा उपत्यका र समग्र देशको विकास गर्न सकिने सन्देश दिन यस्तो कार्यक्रम अघि बढाएको पनि बताइन ।

पार्क स्थापना गर्ने र आन्तरिक र वाह्र पर्यटन प्रर्वद्ध गर्ने उदेश्यले धार्मिक पार्क र योग पार्कहरु बन्दै जानु पर्ने कुरामा उनले जोड दिइन। पोखरा महानगर पालिका वडा न-६ का वडा अध्यक्ष जगतबहादुर पहारीले सांस्कृति सम्पदा संरक्षण र धार्मिक तथा पर्यटकीय पार्क

बाँकी अन्तिम पृष्ठमा ▶▶

## शान्तिविना समृद्धि र विकास गर्न सकिदैन: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**




गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बरालजीवनले देशमा शान्तिविना समृद्धि र विकास गर्न नसकिने बताउनु भएको छ।

८६ औं महाशिवरात्री महोत्सव शिवध्जारोहण एवं शान्ति शोभा यात्रा तथा स्नेह मिलन कार्यक्रमको मंगलबार उद्घाटन गर्दै मन्त्रीले उक्त कुरा बताउनु भएको हो।


ब्रह्मकुमारी इश्वरीय विश्व बिद्यालय पोखराले आयोजना गरेको उक्त कार्यक्रममा वोल्दै मन्त्री बरालले कुनै पनि देशको विकास र समृद्धिको लागि शान्ति हुनुपर्नेमा जोड दिदै देशमा अझै शान्ति स्थापना हुन नसकेको जनाउनु भएको हो। उहाँले भन्नु भयो "जबसम्म हामी हाम्रो मुलुक भित्र शान्ति कायम गर्न सक्दैनौं तवसम्म हामीले राखेका लक्ष्य र उद्देश्य पूरा गर्न सकिदैन।

गौतम बुद्ध जन्मेको यो मुलुकमा अझै शान्ति स्थापना गर्न नसकिएको मन्त्री बरालले बताउनु भयो । यस्तै अभियानहरुले समाजमा जागरण गराउने गरेको बताउनुभयो।

यस अधि मन्त्री बरालले पोखरा ११ मानिर्माण हुदै गरेको दिव्य शान्ति अनुभुती केन्द्रको समेत अवलोकन गर्दै उक्त भवन निर्माणमा प्रदेश सरकारले सहयोग गर्ने बताउनु भयो।

करिब ३० करोडको लागतमा उक्त भवन निर्माण गर्न लागिएको निर्माण समितिका लोकनाथ काफ्लेले जनाउनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा क्रिकेट क्लबद्वारा अरण्यज्योति ८ विकेटले पराजित

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

कप्तान अमृत गुरुङको अर्धशतकीय पारी र तिब्रगतिका बलर कृष्ण पौडेलको ४-१-१३-३ को बलिङ स्पेश रहेपछि राईजिङ क्रिकेट क्लबले सांग्रिला क्रिकेट क्लबलाई ९ रनले पराजित गरेको छ।




टी-२० कास्की जिल्लास्तरीय क्लब च्याम्पियनसीप अन्तर्गत मंगलबार मंगलबार टस जितेर व्याटिङमा उत्रिएको राईजिङले कप्तान अमृत गुरुङले ५२ रनको अर्धशतकीय कप्तानी पारी खेले। राईजिङले ८ विकेटको क्षतिमा ११६ रनको योगफल तयार पार्दै सांग्रिलालाई लक्ष्य पछ्याउने चुनौति दियो। तीन विकेट सस्तैमा गुमाएपछि धर्मराएको राईजिङलाई उकास्ने काम भने कप्तान गुरुङले गरे। पाँचौ नम्बरमा आएको कप्तान गुरुङले चौथो विकेटको लागि नविन पोखरेलसँग ६० रनको साझेदारी गरे। कास्की जिल्ला क्रिकेट संघको आयोजनामा पोखरा रंगशालामा सञ्चालित च्याम्पियनसिपमा कप्तान गुरुङले ५२ रन हिर्काउन ३१ बलको सामना गरे। उनले ४ चौका र २ छक्का हिर्काए। नविन पोखरेल र सागर लामिछानेले पनि १३/१३ रनको योगदान रह्यो। बलिङ तर्फ सांग्रिलाका कप्तान विपिन खत्रीले ४ ओभरमा ११ रन दिएर २ विकेट लिए। ११७ रनको लक्ष्य पछ्याएको सांग्रिला २० ओभरमा ९ विकेट गुमाउँदै १०७ रनमा समेटियो। मध्यक्रम व्याटर सुदिप पौडेलले २ चौका र १ छक्का हिर्काउँदै ३१ रन जोडे। विपिन खत्रीले १८ रन बनाए। तिब्र गतिका बलर कृष्ण पौडेलले ४ ओभरमा १ मेडन राख्दै १३ रन खर्चिएर ३ विकेट लिएपछि सांग्रिला धरासायी बन्यो। अमृत गुरुङको नाममा एक विकेट लिए। उनी प्लयेर अफ दि म्याच घोषित भए। मंगलबारको खेलमा पनि सांग्रिलाका कप्तान विपिन खत्रीले स्ट्राई लिने धुनमा अर्का सहकर्मीलाई रनआउटको शिकार बनाए। उनले अघिल्लो खेलमा पनि आफनै सहकर्मीलाई रन आउटको शिकार बनाएपछि सांग्रिला पराजित हुन पुगेको थियो। यसैगरी दोस्रो खेलमा पोखरा क्रिकेट क्लबले अरण्यज्योति क्रिकेट क्लबलाई ८ विकेटले पराजित गर्दै शीर्षस्थानमा उक्लिएको छ। अरण्यज्योति क्रिकेट क्लबले पहिले व्याटिङ गर्दै १९.४ ओभरमा सबै विकेट गुमाउँदै ८१ रन बनाएको थियो।

कप्तान विधान श्रेष्ठले ३७ बलमा १ चौका र १ छक्काको मद्दतमा ३१ रन जोडे। प्रवीन पौडेलले पनि २७ रन बनाउने क्रममा ४५ बल खेले। उनको ३ चौका स्कोरकार्ड लेखियो। पोखरा क्रिकेट क्लबका अनिष खड्काले ४ ओभरमा २१ रन दिएर ४ विकेट लिदैं अरण्यज्योतिलाई धरासायी बनाए। अनिल गुरुङले ३.४ ओभरमा १ मेडन राख्दै ५ रन दिए २ विकेट लिए। ८२ रनको लक्ष्य पछ्याएको पोखरा क्रिकेट क्लबले अनिल गुरुङले ५१ रन बनाउँदै अविजित खेलेपछि अरण्यज्योति क्रिकेट क्लबलाई ८ विकेटले पराजित गरेको हो। प्लेयर अफ दि म्याच अनिलले २७ बलमा ६ चौका र २ छक्का हिर्काए। प्रमोद बास्तोलाले १ चौका सहित १४ रन हिर्काए। मुस्कान थापा ११ रन जोडे। विधान श्रेष्ठ र दिवस गिरीले समान १/१ विकेट लिए। पोखरा क्रिकेट क्लब र राईजिङ क्रिकेट क्लब दोहोरो जितसँगै समान ४ अंक जोडेका छन्। यद्यपी नेटरनेटमा पोखरा क्रिकेट क्लब लिगको शीर्षस्थानमा छ।



केदारेश्वर मन्दिरमा भक्तालुहरु : पोखराको केदारेश्वर मन्दिरमा भक्तालुहरुको भिड। पोखरा महानगरपालिका-६ कोमागाने पार्कस्थित केदारेश्वर मन्दिरमा महाशिबरात्रिका अवसरमा दर्शन गर्न आएका भक्तालुहरु। तस्वीर : राधिका कँडेल, रासस

# राज्यले सबै धर्मलाई समान ढंगले हेर्नुपर्छः मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले राज्यले कुनै एक धर्मलाई मात्र प्रथामिकता दिन नहुने बताउदै राज्यले सवै धर्मलाई समान रुपले हेर्नुपर्ने बताउनु भयो।



कास्कीको अन्नपूर्ण गाउँपालिका ३ स्थित पुरानो मैदानमा मंगलबार समाज सेवायूवा परिवारको शिवरात्रिपर्वको अवसरमा आयोजित खुल्ला शिवभजन प्रतियोगिता तथा भवनशिलन्यास कार्यक्रमको उद्घाटन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो। अन्नपूर्ण गाउँपालिकाका प्रमुख युवराज कुवंरले नेपालमा हिन्दु धर्मलाई नै प्रथामिकता दिनुपर्ने र नेपाललाई हिन्दु राज्य घोषणा गर्नुपर्ने आफ्नो धारण राखेसंगै मन्त्री बरालले जनप्रतिनिधिले कहिले पनि यस्तो एउटा धर्मलाई मात्र प्रथामिकता दिन नहुने भन्दै टिप्पणी गर्नु भएको थियो। सवै नागरिकहरुको लागिसिप पुराउनु पर्छ भन्दै माओबादी केन्द्रका अध्यक्ष प्रचण्डको बिषेश पहलमा प्राबिधिक बिद्यालय स्थापनाभएको बताउदै मन्त्री बरालले अन्नपूर्णमा हाल दुई वटा सडक बाटो, अधेरीखोलामा झोलुङ्गे पुल, वहुउदेश्यीय भवन निर्माणमा समेत सहयोग गर्ने बताउनु भएको हो। हसेंश्वर पशुपतिनाथ शिवालय मन्दिर व्यबस्थापन समितिको आयोजनामा करिब ५५ लाखको लागतमा उक्त भवन निर्माण हुने भएको आर्थिक संयोजक भेषराजपौडेलले बताउनु भयो। २०७६ सालमा आयोजित महायज्ञबाट करिब १ करोड २९ लाख २१ हजार १ सय ४७ रुपैया संकलन भएको आर्थिक समितिका एक सदस्य मदन प्रसाद पौडेलले बताउनु भयो। भतेरे परिवारबाट ५ लाख ६० हजार, डहरमुनि परिवारबाट ५ लाख ५५ हजार ५ सय ५५ रुपैया महायज्ञमा सहयोग प्राप्त भएको परिवारले जनाएको छ। उक्त बहुउद्धेश्यीय भवन निर्माण भएसंगै साविक ढिकुर पोखरीका स्थानियहरु प्रत्यक्ष रुपमा लाभान्वित हुने भएको स्थानियले बताउनु भएको छ। अन्नपूर्ण गाउँपालिकाका प्रमुख युवराज कुवंरले पाउदुरको शिवालय मन्दिर पुरानो ऐतिहासिक मन्दिर भएकोले यसको विकास गर्न सके धार्मिक पर्यटन प्रबर्द्धन गर्न सकिने विश्वास व्यत्त गर्नूभयो। हाम्रो धर्म र संस्कृती पूर्वीय संस्कृति भएको दाबीगर्दै उहाँले धर्मको निम्ति एक हुनुपर्ने नेपाललाई हिन्दु राज्य घोषणा गर्न माग गर्नुभयो।

परिवारको नारायण पौडेल नयनको अध्यक्षतामा सम्पन्नभएको कार्यक्रममा संस्थाका द्धितीय उपाध्यक्ष शिव प्रसाद पौडेल, संस्थापक सदस्य टेक बहादुर क्षत्री लगायतले वोल्नु भएको थियो। उक्त अवसरमाहाम्रो मैदान गाँउ गीत तथा पाउँदुर शिवालय एवं सनातन संस्कृति भित्रको विज्ञान नामक पुस्तकको समेत मन्त्री बरालले विमोचन गर्नु भएको थियो। तीर्थराज पौडेलले उक्त पुस्तक लेख्नु भएको हो। भजन प्रतियोगितामा १० टिमको सहभागिता रहेको थियो।

## उपमेयर...

निर्माणका लागि सहयोग गर्दै आएको बताए।

पोखरा महानगर पालिकाको वडा नम्बर-६ मा निर्माणधिन धार्मिक योग पार्क निर्माणका लागि पनि वडा कार्यालयले सहयोग गरेको छ,' उनले भने, 'यो सहयोगबाट यस्तो सुन्दर पार्क बन्दा खुशी लागेको सुनाए।' पार्क निर्माणका परियोजनाकार अनिल थापाले पोखरा महानगर पालिका बाट ६ लाख ७४ हजार र स्थानियहरुबाट चन्दा स्वरुप प्राप्त भएको ६ लाख २७ हजार २ सय २ रुपैया समेत गरि जम्मा १३ लाख १ हजार २ सय २ रुपैयामा पार्क निर्माण सम्पन भएको जानकारी गराए।

निर्माण समितिका अध्यक्ष लभ भुजेलले महानगरपालिका सगँ संस्कृति, सम्पदा संरक्षणमा हातेमालो गर्दै अघि बढेकोले पार्क निर्माण सम्पन्न गर्ने सफल भएको बताए। अध्यक्ष लभ भुजेलको सभाअध्यक्षतामा भएको कार्यक्रममा पोखरा विश्वविद्यलयका प्रोफेसर दिपेन्द्र पहारी, डा. डार्विन लामिछाने र पन्डित गुरुदत्त पहारी लगाएतकाले आफ्नू भनाई राखेका थिए। कार्यक्रममा पार्क निर्माण र सर्वेश्वर शिव मन्दिरको जिणोद्धार मा सहयोग गर्नु हुने सहयोगदातालाई सम्मान पत्र सहित दोसल्लाले सम्मान गरिएको थियो।

# पर्यटन व्यवसायी महिला संघको चौथो वार्षिक साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

पर्यटन व्यवसायी महिला संघ(टेवान)ले आफ्नौ चौथो वार्षिक साधारणसभा एक कार्यक्रमकाबीच सम्पन्न गरेको छ। साधारणसभाको सोमबार गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कंडेल उद्घाटन गर्नुभयो।




साधारणसभाको उद्घाटन गर्दै उहाँले कोरोना प्रभावित पर्यटनको पुर्नरुत्थान सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ। कोरोनाले पर्यटन व्यवसाय नराम्रोसँग प्रभावित भएको र यसको पुर्नरुत्थानमा लागि सरकारले सरकारले विभिन्न कार्यक्रम अघि सारेको उहाँले बताउनुभयो। कोरोना प्रभावित व्यवसायलाई राहत उपलब्ध गराउने उद्देश्यका साथ व्यवसाय जीवन रक्षा कोष, कर्मचारी पर्यटन विदा, पर्यटन मजदुर लक्षित राहत कार्यक्रम आदि अघि सारिएको उहाँले जानकारी गराउनुभयो।

टेवानले महिला पर्यटन व्यवसायीलाई संगठित गर्दै विभिन्न कार्यक्रम अघि बढाएकोमा प्रशंशा गर्दै उहाँले मन्त्रालयका तर्फबाट क्षमता अभिबृद्धिका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। टेवानका अध्यक्ष रेनु थापाले दीगो पर्यटनका लागि समान सहभागिता भन्ने नाराका साथ संस्था विभिन्न कार्यक्रम सहित बढीरहेको बताउँदै संस्थामा आवद्ध सदस्यको क्षमता एवम् सिप अभिबृद्धिका लागि महिला सशक्तिकरण तथा व्यवसायिक क्षमता अभिबृद्धि तालिम गर्ने बताउनुभयो। विभिन्न आरोह अवरोहकाबीच संस्था अघि बढेको बताउँदै उहाँले पर्यटन व्यवसायमा आवद्ध महिलाको उद्यमशिलता अभिबृद्धि गर्ने बताउनुभयो। पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले आर्थिक व्यवस्थापन नहुँदासम्म व्यवसाय राम्रो हुन नसक्ने बताउँदै कोरोना प्रभावित व्यवसायीलाई सरकारको साथ र सहयोग आवश्यक हुने बताउनुभयो। आन्तरिक पर्यटनको पुर्नरुत्थान अहिलेको आवश्यकता भएको बताउँदै उहाँले सरकारका नीति नियम पर्यटन व्यवसाय मैत्री हुनुपर्नेमा जोड दिनुभयो।

पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष एवम् नेपाल पर्यटन बोर्डका पूर्व सदस्य टीकाराम सापकोटाले कोरोना प्रभावित व्यवसायीका लागि तीनवटै सरकारले अघि सारेका राहत प्याकेज लक्षित बर्गसम्म पुग्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा पोखरा महानगरपालिका वडा नं ६ का वडा अध्यक्ष जगत पहारी, नाट्टा गण्डकी प्रदेशका अध्यक्ष सञ्जयकान्त सिग्देल, टान पश्चिमाञ्चल क्षेत्रीय संघका प्रथम उपाध्यक्ष धर्मराज पन्थी, हान पश्चिमाञ्चल क्षेत्रीय संघका अध्यक्ष लक्ष्मण सुवेदी, संघका महासचिव शोभा न्यौपाने पाण्डे, संघका उपाध्यक्ष एवम् कार्यक्रम संयोजक कमला गिरी लगायतले पर्यटन व्यवसायी महिला संघका गतिविधिबारे प्रकाश पार्नुभएको थियो।

## आँखा...

गरिसकेको छ। यस्तै १९ विद्यालयमा सञ्चालन गरेको शिविरबाट आठ हजार ३१८ जनाको आँखा परीक्षण गर्नुका साथै २३३ छात्रछात्रालाई निःशुल्क चश्मा वितरण गरेको थियो।

गण्डकी, धौलागिरि र कर्णालीमा आँखाको उपचार गर्ने लक्ष्यका साथ तीन दशकअघि आइकेयर फाउण्डेशन नेदरल्याण्डको सहयोगमा ६० रोपनी जग्गा खरिद गरी आवश्यक भौतिक पूर्वाधार तयार गरिएको थियो। कार्यक्रममा नेत्रज्योति सङ्घ कास्कीका अध्यक्ष कृष्णबहादुर गुरुङ, सङ्घका पूर्वअध्यक्ष प्रा डा दिलबहादुर क्षेत्री, अस्पतालका अनुसन्धान अधिकृत पवन बराल, कर्मचारी युनियनका अध्यक्ष प्रेमकुमार नकर्मीलगायतले आ-आफ्नो धारणा राखेका थिए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# बोलीचालीमा संयमित होऊ

दुई वर्षअघिदेखि अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन एमसीसीको विरोध गर्दै आएका माओवादी केन्द्रका नेताहरू नाटकीय तरिकाले अनुमोदन गरेपछि विवाद सार्वजनिक भएको छ । माओवादी केन्द्रको महाधिवेशनले संशोधन नगरी अनुमोदन नगर्ने निर्णय गरेको थियो । संसदीय दलको बैठकले विपक्षमा मतदान गर्नेछ निर्णय लियो । माओवादीका नेता, कार्यकर्ताले विना संशोधन पारित नहुने अभिब्यक्ति दिएर राष्ट्रवादी बन्ने होडबाजी चलाउँदा अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले अनुमोदन गर्ने निर्ण सुनाएपछि असन्तुष्टि चुलिएको छ । आइतबार राति नै माओवादी केन्द्रका नेता नारायण काजी श्रेष्ठले सामाजिक संजालबाट विरोध जनाए। माओवादी कार्यकर्ताको नेतृत्वप्रतिको असन्तुष्टिलाई साम्य पार्न भन्दा चर्काउने काम भएको छ । सोमबार अध्यक्ष दाहालले नेता श्रेष्ठलाई 'पार्टी छोडेर गए पनि हुने' आशयको अभिव्यक्ति दिएपछि श्रेष्ठ पक्ष झन् चिढिएको छ ।

श्रेष्ठ पक्षधरहरुको आक्रोश चुलिँदै गएपछि मंगलबार अध्यक्ष दाहाल र नेता श्रेष्ठलाई भेट्न उनकै निवास हात्तीवन पुगेका थिए ।नेताहरू बोल्न पाए प्याच्च बोल्ने गर्दछन।अरुभन्दा आफू राम्रो ठान्नु स्वभाविक हो । तर अरुलाई होच्याउने वानीले विवादलाई चर्काउने गरेको छ । उनीहरुबीच पार्टीमा पछिल्लो समय देखा परेको विवाद र आगामी केन्द्रीय समितिबारे छलफल भएको छ । प्रतिनिधिसभाले एमसीसी पारित गरेको र त्यसमा माओवादीले समर्थन गरेको विषयलाई श्रेष्ठले सार्वजनिक रूपमा पार्टी निर्णयभन्दा फरकरूपमा आलोचना गर्दै आएका थिए । पार्टी निर्णयविपरीत श्रेष्ठले बोलेको विषयलाई लिएर अध्यक्ष दाहालले सोमबार पत्रकार सम्मेलनमा 'पार्टी छोडेर गए हुन्छ' भन्ने आशयको अभिव्यक्ति दिएका थिए । सो अभिव्यक्तिप्रति श्रेष्ठले असन्तुष्टि जनाएका थिए । नेताहरूको हतारमा वोल्ने र लेख्ने शैलीले पार्टीमा गुटबन्दी बनाउँछ ।

पार्टीमा आन्तरिक जनवाद नभएको जस्तो व्यवहार नेताहरूको कृयाकलापले देखाएको छ । श्रेष्ठलाई थामथुम गर्न निवासमा पुगेका हुन । अध्यक्षले मिलेर पार्टी चलाउनुपर्छ भन्नुभएको छ ।' अध्यक्ष दाहालले पार्टीले गरेको निर्णय मान्नुपर्ने कुरा राखेका छन । उनले नेता श्रेष्ठसँग आगामी केन्द्रीय समिति बैठकबारे छलफल भएको पनि बताए । 'अध्यक्ष र नेता श्रेष्ठबीच सौहार्द्धपूर्ण वातावरणमा छलफल भयो । पार्टीको केन्द्रीय समिति बैठक बोलाइएको छ । अध्यक्षले बैठक राम्रो भयो भन्नुभएको छ । केन्द्रीय समिति बैठकको तयारी बारेमा छलफल भएको हो,' उनले भने ।

अध्यक्ष दाहालले नेता श्रेष्ठलाई पार्टी निर्णय पार्टी कमिटीमा नै राख्नुपर्ने र चुनावका बेला विवाद भएजस्तो नदेखाउन भनेका थिए । पार्टी निर्णय मानेर अगाडि बढ्नुपर्नेमा बाहिर बोलेको प्रति दाहालले असन्तुष्टि जनाएका थिए । एमसीसी पारित गर्ने पार्टीको निर्णयमा श्रेष्ठ पक्षधर सांसदहरू गिरिराजमणि पोखरेल र अञ्जना विशंखेले फरक मत राखेका थिए । त्यस्तै, लिलामणि पोखरेलले पनि एमसीसी पास गर्ने निर्णयमा असन्तुष्टि जनाएका थिए । व्याख्यात्मक घोषणासहित एमसीसी पारित भएपछि श्रेष्ठले सामाजिक सञ्जलमा असन्तुष्टि व्यक्त गरेका थिए । उनले लेखेका थिए,' अन्ततः व्याख्यात्मक घोषणाको सुनियोजित भ्रम छर्दै आज राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट अनुमोदन गराई छाडे । आम देशभक्त नेपाली जनताले यसलाई कालो दिनको रुपमा लिनेछन् । सम्पूर्ण देशभक्त शक्तिहरू एकताबद्ध होऔं र नेपालको राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र हितको संघर्षलाई निरन्तर जारी राखौं ।' पार्टी निर्णय नमानेको र बाहिर आलोचना गरेको विषयमा दाहालले असन्तुष्टि जनाउँदै एमसीसीको विषयलाई लिएर पार्टी कसैले छोड्न चाहेमा जानसक्ने अभिव्यक्ति दिएका थिए । उनले महाकाली सन्धिपछि वामदेव गौतमले एमाले विभाजन गरेर माले गठन गरेको तर एक सिट पनि नजितेको उदाहरण दिँदै कसैलाई पार्टीमा जबर्जस्ती राख्न नसकिने बताएका थिए ।

एमसीसी पारित भएपछि श्रेष्ठ पक्षधरले छुट्टै भेलासमेत गरेका थिए । उनीहरूले एकताबाट आएका आफूहरूलाई अझैसम्म पनि माओवादी नमानेकाले पनि पार्टीमा अब बसिराख्नुको औचित्य नभएको भन्ने कुरा श्रेष्ठसमक्ष राखेका थिए । अध्यक्ष दाहालको उक्त अभिव्यक्तिपछि श्रेष्ठ समूहमा तीव्र असन्तुष्टि छाअसन्तुष्टि पार्टी विभाजन गर्ने आधार बन्नु हुँदैन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : सत्कार मिल्नेछ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : मानसिक तनाब |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निर्वाचन पर्यवेक्षण समिति गठन

**पोखरापत्र संवाददाता**
**दमौली, १७ फागुन**

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको पर्यवेक्षणका लागि तनहुँमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को शाखा पुनः गठन गरिएको छ ।

दमौलीमा आयोजित भेलाले नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिका उपाध्यक्ष सोनी शर्माको संयोजकत्वमा ११ सदस्यीय जिल्लास्तरीय पर्यवेक्षण समिति गठन गरेको हो । समितिको सहसंयोजकमा गैरसरकारी संस्था महासङ्घ तनहुँका अध्यक्ष प्रकाशचन्द्र भट्टराई र कोषाध्यक्षमा दलित पत्रकार सङ्घका पूर्णबहादुर विके चयन हुनुभएको छ । यस्तै सदस्यमा नेपाल एकीकृत ग्रामीण विकास केन्द्रका ऋषिकान्त दुवाडी, आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)का केन्द्रीय सदस्य मिला दरै, पत्रकार महासङ्घ तनहुँका सदस्य उपेन्द्र खनाल, जागौं युवा नेपालका सदस्य सविन लामिछाने, एसओएस बालग्रामका अन्जना पन्थ भण्डारी, मानवअधिकार समूह भानुका सदस्य तुलसी गन्धर्व, मुस्लिम महिला समूहका साहिदा खातुन र मादीसेती एफएमका पत्रकार शर्मिला गुरुङ चयन हुनुभएको छ । नियोकले निर्वाचन प्रक्रियाको समग्र पर्यवेक्षण गर्ने र निर्वाचनको दिन मतदान केन्द्रहरूमा पर्यवेक्षक परिचालन गर्ने सहसंयोजक प्रकाशचन्द्र भट्टराईले जानकारी दिनुभयो । नियोकले यसअघिका निर्वाचनमा पनि पर्यवेक्षण गर्दै आइरहेको छ । समितिले सोमबार प्रमुख जिल्ला अधिकारी र जिल्ला निर्वाचन अधिकारीलाई भेटेर समिति गठनबारे जानकारी दिएको छ ।

# दीप हस्पिटलले फागुन २१ मा स्वास्थ्य शिविर गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ फागुन**

पोखराको बगरमा रहेको दीप हस्पिटल एण्ड रिसर्च सेन्टरले आम सेवाग्राही नागरिकको लागि फागुन २१ गते १ दिने वृहत स्वास्थ्य शिविर आयोजना गर्ने भएको छ ।

हस्पिटल सुरु भएको एक वर्ष पूरा भएको र हस्पिटलले सम्पूर्ण सेवा आरम्भ गरेको सन्दर्भमा स्वास्थ्य शिविर गर्न लागिएको हस्पिटलका प्रबन्ध निर्देशक अर्जुन गुरुङले बताए । स्वास्थ्य शिविर अस्पतालको आफ्नै परिसरमा सञ्चालन गरिने बताइएको छ ।

शिविरमा पेट, छाती तथा मुटु रोग, हाडजोर्नी, नसा तथा बाथ रोग, नाक-कान घाँटी रोग, आँखा सम्बन्धि जाँच सम्बन्धित विशेषज्ञ चिकित्सकबाट गरिनुका साथै स्त्री तथा प्रसुतिरोग जाँच बालरोग, छाला तथा यौन रोगको समेत परिक्षण गरिने बताइएको छ । यस्तै रोग परीक्षणका लागि आवश्यक पर्ने प्रयोगशाला जाँच, एक्सरे, भिडियो एक्सरे, मुटुको भिडियो एक्सरे (इको, ईसिजि समेत) परिक्षण गरिने भएको छ ।

सम्बन्धित रोगका विशेषज्ञ डाक्टरहरु द्वारा गरिने सबै प्रकारका रोगहरुको स्वास्थ्य परिक्षण पूर्णतया निशुल्क गरिने अस्पतालका प्रबन्ध निर्देशक अर्जुन गुरुङले घोषणा गरेका छन् । शिविरमा सेवा लिइ नाम दर्ता कार्ड लिएका सेवाग्राही विरामीहरुलाई २०७८ फागुन २१ गते देखि २०७९ भाद्र २० गते सम्म अस्पतालबाट उपलब्ध गराउने सबै प्रकारका सेवाहरुमा १५ प्रतिशत सम्म शुल्क छुट दिने घोषणा पनि अस्पतालले गरेको व्यवस्थापक गौतमले बताएका छन् । गत वर्षबाट सेवा आराम्भ गरेको दीप हस्पिटल एण्ड रिसर्च सेन्टरले अत्याधुनिक स्वास्थ्य उपकरणहरु भित्र्याएको छ । लामो समय विदेशमा बसेर उच्चस्तरीय स्वास्थ्य उपचार प्रणालीबारे जानकारी र अनुभव संगालेका प्रबन्ध निर्देशक अर्जुन गुरुङले उच्च गुणस्तरका अन्तरार्ष्ट्रिय स्तरका उपकरणहरु भित्र्याएर अस्पताल सञ्चालनमा ल्याएका छन् । रोग पहिचान गर्न उच्च गुणस्तरका आधुनिक प्रविधि युक्त मेसिन उपकरणहरुले मात्र यथार्थ रिपोर्ट दिने र रोग निको हुने सहज हुने भएकोले गुणस्तरीय सेवाको लागि कुनै सम्झौता नगरिएको प्रबन्ध निर्देशक गुरुङले बताए । सबै सुलभ मूल्यमा स्वच्छ सफा हस्पिटलबाट दिइने उपचार सेवा प्रति सबै क्षेत्रका आम सेवाग्राहीको मन जित्दै गएको गुरुङले बताउँछन् ।

# गलेश्वरमा भक्तजनको घुइँचो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ फागुन**

म्याग्दी-पश्चिम नेपालको पशुपतिनाथका रूपमा चिनिने म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरमा महाशिवरात्रि पर्वका अवसरमा दर्शन र पूजाआजाका लागि आएका भक्तजनको भीड लागेको छ । म्याग्दी, पर्वत, बागलुङ, कास्की, चितवनलगायतका जिल्लाबाट महाशिवरात्रि पर्वको मेला भर्न आएका भक्तजनको घुइँचो लागेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो । सोमबार साँझदेखि नै भक्तजन आउन थालेका थिए । बीस हजार जनाभन्दा बढी भक्तजनले गलेश्वर दर्शन गर्ने कोषले अनुमान गरेको छ । महाशिवरात्रि पर्वलाई सुरक्षित र व्यवस्थितरूपमा सम्पन्न गराउन स्थानीय प्रशासन, सुरक्षा निकाय, नगरपालिका, क्लब, आमा समूहलगायत सामाजिक र धार्मिक सङ्घसंस्थासँग समन्वय गरेर २३ वटा उपसमिति परिचालन भएको छ ।

स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरेर सञ्चालन गरिने मेलामा आउने भक्तजनलाई मास्कको प्रयोग गर्न अनुरोध गरेको छ । शिवरात्रिका अवसरमा महाबत्ती बाल्ने ब्यवस्थालाई निरन्तरताका साथै गलेश्वर मन्दिर परिसरमा ११ वटा धारामा स्नान गर्ने सुविधा थपिएको छ । कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमा फैलिएको गलेश्वरमा महाशिवरात्रि, बालाचर्तुदर्शी र साउन महिनाको सोमबारका दिन विशेष मेला लाग्ने गर्छ । गलेश्वरधामलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्धारका रूपमा चिनिन्छ । द्धापरयुगमा सतिदेवी गला पतन भएकाले गलेश्वर नाम रहन गएको यस स्थानमा दर्शन र पुजाआजा गरेमा सुख, शान्ति, सम्बृद्धि र मनोकामना पूरा हुने विश्वास छ ।

# बाँझो जग्गामा खेती गर्न चक्लाबन्दी

**– रामबहादुर थापा**
**बागलुङ, १७ फागुन (रासस)**

व्यावसायिक कृषि उत्पादनका लागि वर्षौंदेखि बाँझो पल्टिएको जग्गालाई चक्लाबन्दी गर्न थालिएको छ । गलकोट नगरपालिका-४ निलुवामा छरिएर रहेको खेतीयोग्य जग्गा एकीकरण गर्न चक्लाबन्दी कार्यक्रम सुरुआत गरिएको हो ।

त्यहाँका ७३ किसानको एक सय ५० रोपनी जग्गालाई चक्लाबन्दी गर्न लागिएको सयपत्री बहुउद्देश्यीय सहकारी संस्था लिले जनाएको छ । "पाँच सय गरामा बाँडिएको जग्गा अब ४३ 'प्लट'मा झर्छ", सहकारीका अध्यक्ष चिन्तामणि शर्माले भन्नुभयो, "दुई महिनामा चक्लाबन्दी गर्ने काम सकिन्छ ।"

गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयको रु ३६ लाख ४९ हजार अनुदान सहयोगमा सहकारीले चक्लाबन्दीको योजना ल्याएको उहाँको भनाइ छ । सहकारीले प्रतिरोपनी वार्षिक दुई हजार रुपैया तिर्ने गरी आउँदो २०८० साल सम्मलाई जग्गा भाडामा ल्याएको हो ।

व्यावसायिक कृषि खेती गर्ने उद्देश्यले बाँझो जग्गालाई चक्लाबन्दी गरी प्रयोगमा ल्याउन लागिएको सहकारीका सचिव हेमराज गैरेले बताउनुभयो । सहकारीले त्यस जग्गामा तरकारी, बीउबिजन र अन्नबाली उत्पादन गर्ने उहाँको भनाइ छ । चक्लाबन्दी सँगसँगै आलु खेती लगाइहाल्ने तयारीमा सहकारी छ । तरकारीजन्य उत्पादनतर्फ आलु, मुला, सिमी, सागलगायतको खेती गरिने भएको छ । अन्नमा मकै बाली लगाइनेछ । माटो परीक्षणपछि कृषि क्षेत्रका प्राविधिकले दिएको सुझावका आधारमा याम अनुसारको खेतीपाती गरिने सहकारीले जनाएको छ । माटो परीक्षणमा सुक्ष्म जैविक तत्वको कमी पाइएकाले यही वर्ष एक सय ट्र्याक्टर गोठे मल हालिने भएको छ । माटोमा अम्लीयपन भने नपाइएको सचिव गैरेले बताउनुभयो । दुई वटा उपकरण लगाएर जग्गा चक्लाबन्दी गर्ने काम भइरहेको उहाँको भनाइ छ ।

निलुवामा लोकनाथ, यामलाल सुवेदी, झुमाकुमारी गैरेलगायत ७३ जग्गाधनीको जग्गा छ । खेती गर्न छाडेपछि बाँझो रहेको जग्गामा चक्लाबन्दी कार्यक्रम सुरु भएपछि उनीहरू पनि खुसी छन् । निलुवा पशुपालन र खेतीपातीका लागि उर्बर ठाउँ हो । त्यसलाई पहिले पहिले गोठथरीका रूपमा चिनिन्थ्यो । किसानहरू पुशचौपाया लगेर महिनौंसम्म त्यही गोठथरीमा बस्थे । खेतीपाती गर्थे । पछिल्लो समय भने त्यो चलन हराउँदै गयो ।

जसका कारण बारी बाँझै पल्टिए । गोठ रित्तिए । निलुवामा मात्रै ८० भन्दा बढी परम्परागत खरका गोठ छन् । परम्परागत कृषि प्रणालीको झल्को दिने पुराना संरचनालाई संरक्षण गर्ने योजना पनि अघि सारिएको छ । सहकारीले चक्लाबन्दीमा क्रममा जीर्ण अवस्थामा रहेका १५ वटा गोठ नासिने जनाएको छ ।

कृषि उत्पादनसँगै निलुवालाई पर्यटकीय गन्तव्यस्थलका रूपमा पनि विकास गर्न पहल भइरहेको छ । निलुवा पर्यटकीय क्षेत्र प्रवर्द्धन केन्द्रले पूर्वाधार निर्माण र प्रवर्द्धनका काम गरिरहेको छ । केही वर्षअघि त्यहाँ मह सिकार महोत्सवकोसमेत आयोजना गरिएको थियो । निलुवामा पाँच सय मिटर अग्लो महभीर छ ।

गोठथरीको संरक्षण, पदमार्ग निर्माणलगायतका योजना केन्द्रकै अगुवाईमा भएका हुन् । निलुवामा सडकको पनि पहुँच पुगिसेको छ । बागलुङ सदरमुकामदेखि ४५ किमी दुरीमा त्यो अवस्थित छ । २१ सयदेखि २२ सय मिटरसम्मको उचाइमा फैलिएको निलुवाको भू-बनोट र हावापानी लोभलाग्दो छ । त्यहाँबाट हिमशृङ्खला पनि देख्न सकिन्छ ।

वैदेशिक रोजगार, बजारमा निर्भरता, श्रमको अभाव जस्ता कारणले कृषिमा आकर्षण घटेका बेला चक्लाबन्दी कार्यक्रमले गाउँका किसानलाई लाभ पुर्‍याउने गलकोट नगरपालिकाका कृषि शाखा प्रमुख हरिदत्त सुवेदीले जानकारी दिनुभयो । "धेरै कित्ता र स्वामित्वमा बाँडिएको जग्गामा ठूलो लगानीको कृषि व्यवसाय गर्न कठिनाई हुने गर्छ", उहाँले भन्नुभयो, "चक्लाबन्दी गरेर जग्गालाई एकीकृत गर्दा भूमिको सदुपयोग बढ्नुका साथै कृषि उत्पादनमा वृद्धि हुन्छ, यसबाट किसानको आयआर्जन थपिन्छ र रोजगारी पनि सिर्जना हुन्छ ।"

# नि:शुल्क रक्त परीक्षण कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पर्वत, १७ फागुन**

पर्वतको कुश्मा नगरपालिकाले नसर्ने रोगको पहिचानका लागि रक्त परीक्षण कार्यक्रम सुरु गरेको छ । नागरिकको स्वास्थ्य सुरक्षाका लागि कुश्मा नगरपालिकाको अभियान अन्तर्गत कुश्मा नगरपालिकाका १४ वटै वडामा रहेका नागरिकको नसर्ने रोग पहिचान शिविर सुरु भएको हो । अभियानको सुरुवात कुश्मा नगरपालिका- ९ कटुवाचौपारीबाट सुरु भएको छ । सोमबारकटुवाचौपारीमाआयोजित शिविरमा ३०० जनाको रक्त परीक्षण गरिएको छ । अधिकांशमा मधुमेह, उच्च रक्तचाप, तथा बाथ रोग जस्ता नसर्ने रोग देखिएको परीक्षणबाट पुष्टि भएको छ । सो परीक्षणमा ३९ जनामा उच्च रक्तचाप, २२ जनामा मधुमेहको उच्च जोखिम रहेको पाइएको छ भने अन्यमा सामान्य अवस्था रहेको पाइएको स्वास्थ्य सहसंयोजक यामप्रसाद शर्माले जानकारी दिनुभयो ।

कुश्मा-९ का वडाध्यक्ष कृष्णप्रसाद लामिछानेले स्वास्थ्य रक्षाका लागि नागरिकले प्रत्येक ६/६ महिनामा रगत परीक्षण गर्नुपर्ने भन्दै नगरपालिकाको यो महत्वपूर्ण कार्यक्रम सुरु गरेको बताउनुभयो । ज्येष्ठ नागरिकमा नसर्ने रोग लाग्ने र समयमै परीक्षण गरी थप उपचार गर्न सहज होस् भनेर कुश्मा नगरपालिकाले यो कार्यक्रम सुरु गरेको प्रमुख प्रशासकीय अधिकृत कुमानसिंह गुरुङले जानकारी दिनुभयो । रोगले थलिएपछि बल्ल उपचारका लागि जाने धारणा समाजमा रहेको अवस्थामा यो अभियानले बेलैमा रोगको पहिचान र निदान हुने भएकाले कुश्मा नगरपालिकाले अभियान सुरु गरेको गुरुङले बताउनुभयो ।

नसर्ने रोगको पहिचान शिविर नगरपालिकाका सबै वडामा सञ्चालन हुने नगरप्रमुख रामचन्द्र जोशीले बताउनुभएको छ । कुश्माबजारदेखि दुरदराजसम्म पुगेर स्वास्थ्यकर्मीले शिविर सञ्चालन गरी बिरामीको पहिचान र उपचार गर्ने जोशीले बताउनुभयो । नगर उपप्रमुख सीता काफ्ले लामिछानेले विशेष गरी ज्येष्ठ नागरिकलाई नसर्ने रोग लाग्ने भएकाले स्वास्थ्यकर्मीलाई ज्येष्ठ नागरिकको जीवनरक्षाका लागि ध्यान दिएर सेवा दिन अनुरोध गरिएको बताउनुभयो । नगरपालिकाले शिविरमा नआउनेलाई घरमै पुगेर पनि सेवा दिन स्वास्थ्यकर्मीलाई निर्देशन दिएको छ ।

# घरमै खानेपानी आउन थालेपछि स्थानीयवासी खुसी

**पोखरापत्र संवाददाता**
**दमौली, १७ फागुन**

तनहुँको ऋषिङ गाउँपालिका-५ झटारेमा खानेपानी सुविधा पुगेको छ ।

हालसम्म कुवाको पानी उपभोग गर्दै आएका स्थानीयवासी घरमै खानेपानी आएपछि खुसी भएका छन् । ऋषिङ गाउँपालिका र गण्डकी प्रदेश सरकारको रु ५१ लाखको लागतमा झटारेका २३ घरमा खानेपानी सुविधा पुगेको झटारे खानेपानी उपभोक्ता समितिका अध्यक्ष खिमबहादुर थापाले जानकारी दिनुभयो । खानेपानी योजनाका लागि स्थानीय सामुदायिक वनले पनि सहयोग गरेको छ । "वर्षौंदेखि कुवाको पानी उपभोग गर्दै आएका स्थानीयवासीको घरमै धारा जडान गर्न सफल भएका छौ," उहाँले भन्नुभयो, "पानीको जोहोका लागि गर्नुपर्ने दुःख कष्ट हटेको छ ।" उहाँका अनुसार घरमा खानेपानी सुविधा नहुँदा स्थानीयवासी बिहानै उठेर घन्टौं हिँडेर खानेपानीको जोहो गर्थे । खानेपानी जोहो गर्न बिहान सबेरै उठेर कुवा जाने स्थानीयवासीलाई घरमै धारा जडान भएपछि सहज भएको उहाँले बताउनुभयो ।

घरघरै खानेपानी सुविधा पुगेपछि स्थानीयवासीको जीवनस्तर पनि फेरिने ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले बताउनुभयो । "खानेपानीको सुविधालाई अव आयआर्जनको बाटोतर्फ जोड्नुपर्छ, करेसाबारीमा तरकारी खेती पनि गर्न सकिन्छ", उहाँले भन्नुभयो । स्थानीय तहमा जनप्रतिनिधि आएपछि धेरै गाउँमा खानेपानीको सुविधा पुगिसकेको र बाँकी रहेका ठाउँमा पनि खानेपानी सुविधा पुर्‍याइने उहाँले बताउनुभयो । "पहिला त पिउनका लागि पानीको अभाव थियो, अब पानीको अभाव छैन, तरकारी खेतीतर्फ लाग्न स्थानीयवासीलाई गाउँपालिकाको तर्फबाट पनि प्रोत्साहन गर्छौं," उहाँले भन्नुभयो ।

# हितग्राही खाताको संख्या ५० लाख नाघ्यो

रासस
काठमाडौं, १७ फागुन

धितोपत्रबजारमासर्वसाधारणको सहभागिता पछिल्लो समय उत्साहजनकरूपमा बढ्दै गएको देखिएको छ।

गत आर्थिक वर्षको असारसम्ममा करिब ३७ लाखको सङ्ख्यामा रहेको हितग्राही खाता (डिम्याट खाता) चालु आवको फागुन १६ गतेसम्म ५० लाख नाघेको छ।

सिडिएस एण्ड क्लियरिङ लिमिटेडले सार्वजनिक गरेको पछिल्लो विवरणानुसार हाल डिम्याट खाताको सङ्ख्या ५० लाख सात हजार २४२ छ । त्यस्तै डिम्याट खाताका साथै मेरो शेयर खाताको सङ्ख्यासमेत बढेको छ। सिडिएसका अनुसार मेरो शेयरको सङ्ख्या ४१ लाख नाघेको छ । विवरणानुसार पछिल्लो समय डिम्याट र मेरो शेयर खाताको सङ्ख्या उल्लेख्य बढेको देखिन्छ । गत असार मसान्तसम्म २८ लाख ५५ हजार रहेको मेरो शेयरको सङ्ख्या ४१ लाख १९ हजारभन्दा बढी रहेको छ । त्यस्तै नेपाल धितोपत्र बोर्डबाट अनुमतिप्राप्त गरी सर्वसाधारण लगानीकर्तालाई केन्द्रीय निक्षेप सेवा सहज बनाउन तथा शेयरको अभिलेखीकरण कार्य गर्नका लागि निक्षेप सदस्यका रूपमा सेवा प्रवाह गर्ने सदस्यको सङ्ख्या गत आवको अन्त्यमा ७८ रहेकामा सार्वजनिक पछिल्लो तथ्याङ्कानुसार त्यस्तो सदस्य सङ्ख्या ८२ पुगेका छन्।

धितोपत्र बजारमा धितोपत्रको कारोबारका साथै प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ)को आवेदनमा समेत डिम्याट खाता अनिवार्य भएकाले यस्ता खाता खोल्ने क्रम बढेको धितोपत्र बोर्डको बुझाइ छ । प्राथमिक बजारतर्फ प्राथमिक निष्काशन, हकप्रद निष्काशन, ऋणपत्र तथा सामूहिक लगानी योजना गरी सबै निष्काशन अनुमति रकममा उच्च बढोत्तरी आएको छ। कम्पनीको आइपिओ निष्काशनमा भाग लिनेको सङ्ख्या उल्लेख्य बढ्नुले धितोपत्र कारोबारमा सर्वसाधारणको सहभागिता बढेको पुष्टिहुन्छ।पछिल्लोसमयकम्पनीले निष्काशन गर्ने आइपिओमा २५ लाखभन्दा बढीले आवेदन गर्दै आएका छन् । प्रविधिको विकास र विस्तारले धितोपत्र बजारमा कारोबार गर्नेको सङ्ख्या बढेको बोर्डले उल्लेख गरेको छ। बोर्डलगायत धितोपत्र बजारसम्बद्ध निकायहरूबाट बजारलाई प्रविधिमैत्री,लगानीमैत्रीएवंदेशव्यापी बनाउन विभिन्न काम भएका छन् । बोर्डबाट धितोपत्रको पूर्ण अभौतिक कारोबार हुने व्यवस्था, नेप्सेको कारोबार अनलाइनबाट हुने व्यवस्था, प्राथमिक बजारमा आस्वा तथा सि-आस्वा प्रणाली लागू, उपत्यका बाहिर धितोपत्र दलाल तथा मर्चेन्ट बैंकरको शाखा विस्तार गर्नका लागि आवश्यक नीतिगत व्यवस्थाहरू गरेसँगै बजारमा सर्वसाधारणको सहभागिता व्यापक तथा उत्साहजनक रहेको बोर्ड बताउँछ।

# कक्षाकोठामा स्मार्ट टिभी, शिक्षकको हातमा ल्यापटप

पोखरापत्र संवाददाता
बागलुङ, १७ फागुन

पछिल्लो समय ग्रामीण क्षेत्रका विद्यालयसमेत प्रविधिमैत्री हुन थालेका छन्।

खरीपाटीमा अध्यापन गराउने शिक्षक ल्यापटपमा शैक्षिक सामग्री राखेर स्मार्ट टिभीमा अध्यापन गराउने भइसकेका छन्। खरीपाटीबाट, चक र चकपछि मार्करले ह्वाइटबोर्डमा लेखेर अध्यापन गराउने विद्यालयका शिक्षक स्मार्ट तरिकाले अध्यापन गराउन थालेका हुन्। जिल्लाको बागलुङ नगरपालिका-८ स्थित सिगाना माध्यामिक विद्यालय तित्याङका विद्यार्थीलाई विद्यालयले डिजिटल माध्यमबाट अध्यापन गराउन थालेको छ। विद्यालको सबै कक्षा कोठामा स्मार्ट टिभी जडान गरिएको छ भने शिक्षकलाई ल्यापटप प्रदान गरिएको छ । कक्षा ६ देखि १२ सम्मका सातवटा कक्षाकोठामा ४३ इन्चको स्मार्ट टिभी जडान गरिएको छ । शिक्षकले ल्यापटपमा भएको पाठ्यसामग्री स्मार्ट टेलिभिजनमा देखाउन सक्नेगरी प्रविधिको विकास गरिएको र विद्युत् नभएको अवस्थामा समेत डिजिटल माध्यमबाट अध्यापन गराउन सक्ने सिगाना मावि तित्याङले जनाएको छ । अहिले ल्यापटपबाट विद्यार्थीलाई अध्यापन गराउने विषयमा शिक्षकले तालिम लिइराखेको विद्यालयका प्राचार्य गोपालकुमार शर्माले जानकारी दिनुभयो। विद्यालयले रु १६ लाख २६ हजार खर्चेर शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाएको हो। शर्माका अनुसार ६ देखि १२ सम्मका सबै कक्षा कोठामा स्मार्ट टिभी र १२ शिक्षकका लागि ल्यापटप वितरण गरिएको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु छ लाख ५० हजार, बागलुङ नगरपालिका-८ र ९ को रु चार लाख, शिक्षकबाट सङ्कलन गरिएको रु ४९२ हजारबाट स्मार्ट टिभी र ल्यापटप खरिद गरिएको हो। रु तीन लाख ५० हजारमा वैकल्पिक ऊर्जाको समेत व्यवस्थापन गरिएको विद्यालयले जनाएको छ। रु ८० हजारको ल्यापटपका लागि शिक्षकले रु ४० हजार आफ्नो तर्फबाट खर्च गरेको विद्यालयले जनाएको छ । विद्यालयमा विद्यार्थी सङ्ख्या बढाउने भन्दा गुणस्तर बढाउनेतर्फ ध्यान गएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो। "विद्यालयमा हाल ३२० विद्यार्थी छन्, यो विद्यार्थीको सङ्ख्या हाम्रोमा घट्दो हो, बसाइँसराइका कारण विद्यार्थी सङ्ख्या क्रमशः घट्दै छ तर हामीले शैक्षिक गुणस्तर भने बढाउँदै लगेका छौँ", अध्यक्ष खड्काले भन्नुभयो। प्राथमिक तहमा समेत डिजिटल माध्यमबाट अध्यापन गराउनका लागि गण्डकी प्रदेशको पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले रु चार लाख बजेट विनियोजन गरेको छ। यस्तै विद्यालयमा प्रविधिको माध्यमबाट अध्यापन गराउनका लागि एसएलसी व्याच २०५२ द्वारा रु दुई लाख २६ हजारसमेत सहयोग भएको थियो।

डिजिटल माध्यमबाट अध्यापन गराउँदा विद्यार्थीमा सिकाइ उपलब्धि बढेर जाने र विद्यार्थीसमेत प्रविधिमा निपूर्ण हुने विद्यालयको भनाइ छ। विद्यार्थीले अध्ययनका अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यालयकै जग्गामा केराखेतीसमेत गर्दै आएका छन्। जिल्लाको निसीखोला गाउँपालिकाको प्रभा मावि, काठेखोला गाउँपालिकाको रेश नुन्थला माविमा समेत एक शिक्षक एक ल्यापटप कार्यक्रम सञ्चालित छ।

# पाहुनालाई कोसेली बन्दै असला माछा

पोखरापत्र संवाददाता
म्याग्दी, १७ फागुन

म्याग्दी नदीका असला माछा प्राकृतिक चिकित्सालय तातोपानी कुण्डमा डुबेर उपचार गराउन आउने बिरामीका लागि पोषिलो खुराक र जिल्लामा आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि गतिलो कोसेली बनेका छन्।

बेनी नगरपालिका-४,सिङगास्थित प्रसिद्ध तातोपानी कुण्डमा डुब्न आउने बिरामी तथा पर्यटकको रोजाइँमा म्याग्दी नदीमा पाइने असला माछा पर्ने गरेका हुन् । बजारको छेउमै रहेको म्याग्दी नदीको चिसो पानीमा पाइने असला माछा निकै स्वादिलो हुने भएकाले तातोपानीमा स्नान गरेपछि बिरामीले यहाँका माछालाई पौष्टिक आहारको रूपमा खाने गरेका छन्,भने घुम्न आएका आन्तरिक तथा बाह्य पर्यटकले कोसेलीको रूपमा लिएर फर्कने गरेका छन्। अन्यत्र पाइने माछा भन्दा यहाँका माछा बढी स्वादिष्ट हुने भएपछि अहिले ताजा माछाप्रति केजी एक हजार ५०० मा बिक्री हुने गरेको छ। कोभिड-१९ सङ्क्रमणको जोखिम कम भएपछि हिजोआज तातोपानी कुण्डमा नुहाउने बिरामीको भीड बढेको छ। कुण्डमा चलहपहल बढेपछि म्याग्दी नदीको किनारमा रहेका बजार दरबाङ र बाबियाचौर क्षेत्रबाटसमेत माछा मारेर व्यापारीले बिक्रीका लागि तातोपानीसम्म ल्याउने गरेका छन्।

असला माछा खानकै लागि तातोपानीमा आउनेलाई पुऱ्याउन धौधौ हुने गरेको तातोपानीस्थित तुलाचन होटल एण्ड थकाली भान्सा घरका सञ्चालक मना तुलाचनले बताउनुभयो। "माछा कमै पाइन्छ, माग भने ह्वात्तै बढेको छ, तातोपानीकुण्डमा डुबेर उपचार गराउन आएका बिरामी र घुम्न आएका पर्यटकको माग थेगिनसक्नु हुन थालेपछि पुऱ्याउन सकिएको छैन" उहाँले भन्नुभयो,"माछा कमै पाइने भएकाले कोसेलीको रूपमा लिएर जान चाहनेलाई दिएर पठाउन हम्मेहम्मे परेको व्यवसायीको भनाइ छ।"

घुम्ने र तातोपानीमा स्नान गर्न जानेले कोसेलीको रूपमा लैजाने भएकाले जति रकम तिरेर भए पनि माछा किन्ने प्रचलन बढेपछि माछाको मूल्य पनि बढेको छ । पछिल्ला केही वर्ष नदीमा माछा कम हुँदै गएकाले स्थानीयवासीको सहयोगमा प्रहरीलेसमेत विषादीको प्रयोग र करेन्ट लगाएर माछा मार्न प्रतिबन्ध लगाएको छ । तातोपानीका होटलका भान्सामा विषादीरहित माछा पाक्ने गरेको छ। माछासँगै फापरको ढिँडोले यहाँको होटल व्यवसाय पनि राम्रोसँग फस्टाएको स्थानीय होटल व्यवसायीको भनाइ रहेको छ। विगतमा सामान्य मानिने फापर स्वास्थ्यलाई हितकर हुने भएपछि पछिल्लो समय फापरको पिठोको ढिँडोसँगै माछा सबैको रोजाइँमा पर्न गएको स्थानीय होटल व्यवसायी कृष्ण केसीले बताउनुभयो । तातोपानीको उपल्लो र तल्लो बजार क्षेत्रमा सञ्चालनमा रहेका होटलमा वा स्वाथ्यका लागि राम्रो गर्ने र स्वादिलो हुने भएकाले म्याग्दी नदीको लोकल माछा र फापरको ढिँडो खान धेरैले मन पराउने गर्दछन्। खासगरी म्याग्दी नदीको माछा मीठो हुनेहुँदा माछासँगै मुस्ताङी फापरको ढिँडोको बिक्री ह्वात्तै बढेको होटल व्यवसायीले बताएका छन्।

फापरको ढिँडो, रोटी, माछाको सुप र फ्राई आइटमका खाना पर्यटकको रोजाइँमा रहेको होटल व्यवसायी एवं तातोपानी कुण्ड व्यवस्थापन समितिका सहसचिवकुमार केसीले बताए । उहाँले तातोपानीका युवाले म्याग्दीखोलामा जाल थापेर दैनिकजसो माछा मारेर बिक्री गर्ने गरेका छन्। तातोपानी बजारमा पछिल्लो समय आधुनिक सुविधासम्पन्न होटल थपिएका छन्। फापरको ढिँडोसँगै एक प्लेट माछाका परिकार खाएको रु ४०० देखि ५०० सम्म तिर्नुपर्दछ। यसैवर्ष तातोपानीमा सञ्चालनमा आएको श्रेष्ठ होटल हटस्प्रिङमा पुग्ने स्वदेश तथा विदेशी पाउनालेसमेत लोकल माछा रोज्ने गरेकाले दैनिक खपत हुने गरेको होटल सञ्चालिका साधना श्रेष्ठले बताउनुभयो। प्राकृतिक उपचारको चिकित्सालयको रूपमा विकसित हुँदै गइरहेको तातोपानी कुण्डमा स्नान गर्ने बिरामी बढेका छन्।

जमिन मुनिबाट ४८ डिग्री सेन्टिग्रेटको तापक्रममा बिरेनुनको स्वादसहित निस्कने तातोपानीको कुण्डमा डुबुल्की मारेपछि ग्यास्ट्रिक, बाथरोग, गानोगोला, युरिकएसिड, हाडजोर्नी दुख्ने, हड्डीको दुखाइ, सड्ढिएको, मर्किएको, बज्रिएकोसहित चिसोबाट उत्पन्न सबैखाले रोग निको हुने जनविश्वाससँगै स्थानीय माछा र अर्गानिक खाना तातोपानीको प्रमुख विशेषता छ।

# पशुपतिनाथमा तीन लाख भक्तजनले गरे दर्शन

-पूर्णप्रसाद मिश्र
काठमाडौं, १७ फागुन (रासस)

महाशिवरात्रिका अवसरमा पशुपतिनाथ मन्दिरमा भक्तजनले दर्शन गर्नेक्रम जारी छ। बिहान ११ बजेसम्म पशुपतिनाथ मन्दिरमा करिब तीन लाख भक्तजनले दर्शन गरेका छन्।

बिहान आठ बजेसम्म भक्तजनले सहज रूपमा लाइनमा बसेर दर्शन गर्न पाएका थिए । बिहान आठ बजेअघि २० मिनेटदेखि आधा घण्टामा भक्तजनले मन्दिरभित्र प्रवेश गरेर बाहिर आएका पशुपति क्षेत्र विकास कोषले जनाएको छ।

बिहान चिसोमा कम भक्तजन भएकाले चाँडै जाने भक्तजनलाई दर्शन एवं पूजा आराधनानामा सहज भएको हो। आठ बजेपछि काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट आउने सवारीको चापसँगै पशुपतिनाथ मन्दिरमा पनि भक्तजनको भीड बढेको हो। पशुपतिनाथको नियमित रूपमा दर्शन गर्ने भक्तजनले बिहान सात बजेअघि नै दर्शन गरेका थिए।

आठ बजेपछि भने लाइन बढ्न थालेको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले राससलाई जानकारी दिनुभयो । अहिले पूर्वतर्फको लाइन गुह्येश्वरी मन्दिर नजिक, उत्तरतर्फको लाइन चावहिल चोकमाथि, पश्चिमतर्फको लाइन जयवागेश्वरी घुमेर गौशाला नजिक र दक्षिणतर्फको लाइन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नजिक पुगेको उहाँले बताउनुभयो।

महाशिवरात्रिका अवसरमा मंगलबार पशुपतिनाथ मन्दिरभित्र गई १० लाख भक्तजनले दर्शन गर्न सक्ने गरी व्यवस्था मिलाइएको कोषले जनाएको छ । आज पशुपति क्षेत्रको सुरक्षा व्यवस्था कडा बनाइएको छ। करिब पाँच हजार नेपाल प्रहरी, तीन हजार ५०० सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनाकासमेत गरी करिब १० हजार सुरक्षाकर्मी पशुपति क्षेत्रमा परिचालन गरिएको सुरक्षा उपसमिति संयोजकसमेत रहनुभएका कोषका सदस्य सचिव डा मिलनकुमार थापाले राससलाई जानकारी दिनुभयो।

बिहान ११ बजेसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट-गौशाला-चावहिल सडकमा सार्वजनिक र निजी यातायात सञ्चालन भइरहेको छ । लाइन र भक्तजनलाई व्यवस्थित गरी दिनभर यातायात सञ्चालन गर्ने गरी व्यवस्थापन गरिएको छ । यसका लागि नेपाल स्काउटसहित करिब पाँच हजार स्वयंसेवक परिचालन गरिएको कोषका सूचना अधिकारी गौरीशङ्कर पराजुलीले जानकारी दिनुभयो । महाशिवरात्रिका अवसरमा पशुपति क्षेत्रमा निःशुल्क रूपमा पिउने पानी, भोजन, गुर्जो चियासहित ६० प्रकारका जडिबुटीबाट बनेको चियाको धुलो, स्वास्थ्य शिविरलगायत सेवा प्रदान गरिएको छ । पशुपति क्षेत्रका १० स्थानबाट आज निःशुल्क गुर्जो चिया र धुलो वितरण भइरहेको अभियानकर्मी कमलबहादुर राजलवटले जानकारी दिनुभयो।

पशुपति क्षेत्रका राममन्दिर, १५ शिवालय, मृगस्थली, तिलगङ्गा, हंसमण्डप, उमाकुण्ड, गुह्येश्वरी, गौरीघाट, भुवनेश्वरी र मित्रपार्क क्षेत्रबाट गुर्जोको चियासहित धुलोको निःशुल्क सेवा दिइएको उहाँले सुनाउनुभयो । महाशिवरात्रिका अवसरमा आज भक्तपुरको डोलेश्वर मन्दिरमा पनि निःशुल्क गुर्जो सेवा दिइएको छ। प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशीका दिन पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको भीड लाग्ने गर्छ। महाशिवरात्रिका लागि आज बिहान तीन बजेदेखि नै पशुपतिनाथका चारै ढोका खुला गरिएको थियो। आज रातिसम्म पशुपतिनाथमा दर्शन गर्न चाहनेका लागि सेवा दिइने कोषले जनाएको छ। पशुपतिनाथ मन्दिरमा आज चारै प्रहर विधिपूर्वक पूजा आराधना गर्ने शास्त्रीय नियम छ। महाशिवरात्रिका अवसरमा आज पशुपतिनाथका साथै काठमाडौं उपत्यकाको उत्तर पूर्वी भेगस्थित गोकर्णेश्वर महादेव मन्दिरमा पनि भक्तजनको भीड लागेको छ। गोकर्णेश्वर महादेव मन्दिरमा आइतबारदेखि नै बिजुली बत्तीले सिँगारेर झिलिमिली बनाइएको छ। गोकर्णेश्वर मन्दिरमा पनि बिहान चार बजेदेखि नै भक्तजन आउन थालेको पुजारी जगदीश भट्टले बताउनुभयो। पशुपतिनाथ मन्दिरमा श्रीयन्त्र र गोकर्णेश्वर महादेव मन्दिरमा बालयन्त्रको पूजा आराधना हुने गर्छ। श्रीयन्त्रको पूजा आराधना हुने महादेवको दर्शनपछि बालयन्त्रको पूजा आराधना हुने मन्दिरमा पनि जानुपर्ने विधि भएकाले पशुपतिनाथ आउने केही भक्तजन गोकर्णेश्वर महादेव मन्दिरमा पनि दर्शनका लागि जाने गर्छन्। काठमाडौं महानगरपालिका वडा नं. ३२ स्थित पेप्सीकोला टाउन प्लानिङमा रहेको नागेश्वर मन्दिरमा पनि भक्तजनको भीड लागेको छ। यसैगरी राजधानीका अन्य स्थानमा रहेका शिवालयमा पनि बिहानैदेखि भक्तजनको भीड लागेको छ । देशभरका अन्य शिवालयमा पनि भक्तजनको भीड लागेको जनाइएको छ । आज भगवान् शिवलाई जाडो हुने मान्यताका आधारमा बेलुीक विभिन्न मठ मन्दिर एवं चोक र चौबाटोमा धुन जगाइन्छ। धुनीमा प्रसाद बनाएर खाने प्रचलनसमेत छ।

# थप १५८ जनामा कोरोना सङ्क्रमण पुष्टि

रासस
काठमाडौं, १७ फागुन

देशभर पछिल्लो २४ घण्टामा थप १५८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा ६ हजार ५०४ जनाको पीसीआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७७ हजार ७६ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३९ हजार हजार ४५३ रहेको छ।

पछिल्लो समय थप ३५४ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ५७ हजार १६७ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। थप दुई जनाले कोरोनाबाट ज्यान गुमाएका छन् । हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९३८ पुगेको छ।

त्यसैगरी पछिल्लो समय एक लाख आठ हजार १४० जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ९७१ छ।

# माटो परीक्षण प्रयोगशालाले किसानलाई सहज

पोखरापत्र संवाददाता
वालिङ, १७ फागुन

स्याङ्जाको वालिङ नगरपालिकाले डिजिटल माटो परीक्षण मिनिल्याब स्थापना गरेको छ । माटो परीक्षणका लागि पोखरा लगायतका ठाउँमा रहेका प्रयोगशालामा लैजानुपर्ने बाध्यता हटाउँदै नगरपालिकाले कार्यालय परिसरमै आधुनिक प्रविधिसहितको माटो परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याएको नगर प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो।

माटोमा रहेको उर्वराशक्तिमा ह्रासआउननदिनेर उर्वराशक्तिलाई जोगाई राख्न प्रयोगशालाले महत्वपूर्ण भूमिका खेल्ने छ । "पछिल्लो समय माटोमा विभिन्न किसिमका रासायनिक मल तथा विषादीको प्रयोग गर्ने क्रम बढेको छ", उहाँले भन्नुभयो, "जथाभावी रासायनिक मल तथा विषादीको प्रयोगका कारण माटो बिग्रिन गई उत्पादन घट्दै गएकाले माटोको उपचार तथा संरक्षणका लागि आधुनिक प्रविधिको प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याएका हौं।" नगरपालिकाले प्रयोगशालामा प्रयोग हुने औजार, उपकरण तथा रसायन खरिद गरेर ल्याएको छ । सोमबारबाट सञ्चालनमा आएको प्रयोगशालाबाट निःशुल्करूपमा किसानले ल्याएको माटोको नमूना परीक्षण गरिदिने व्यवस्था मिलाइएको छ । डिजिटल माटो परीक्षण मिनिल्याब सञ्चालनमा आएसँगै माटोमा रहेको पिएच, ईसी, प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस, पोटासियम, सल्फर, जिङ्क, आइरनलगायतका १४ प्रकारका खाद्य तत्वको जाँच गरिने कृषि विकास शाखा प्रमुख सुभासचन्द्र अर्यालले बताउनुभयो । "सुरुआती चरणमा किसानले ल्याउनुभएको माटो निःशुल्करूपमा जाँच गरी प्राप्त नतिजाका आधारमा माटोको सुधारका लागि आवश्यक परामर्श दिन्छौं", शाखा प्रमुख अर्यालले भन्नुभयो, "नगरका १४ वटै वडामा पुगेर किसानलाई माटोको नमूना कसरी लिने भन्ने तरिका प्रदर्शन गरी अध्यस्त बनाइसकेपछि माटो परीक्षण सेवालाई थप नियमित र प्रभावकारी ढङ्गले अगाडि बढाउनेछौं ।" उक्त प्रयोगशालाबाट माटोमा भएका विभिन्न १४ वटा खाद्य तत्वको डिजिटल प्रविधिबाट यथार्थ विवरण प्राप्त हुने भएकाले पनि छिटोछरितो र प्रभावकारी हुने शाखा प्रमुख अर्यालले बताउनुभयो। माटोमा रहेका विभिन्नखाद्यतत्वकोअवस्थाबारेमा जानकारी पाई माटोको उपचार तथा संरक्षण गर्न सहज हुने विश्वास वालिङ ८ का किसान हरिप्रसाद बगालेले बताउनुभयो। "माटो परीक्षण गर्न पहिला पोखरा लैजानुपर्ने बाध्यता थियो", बगालेले भन्नुभयो, "अब वालिङमै प्रयोगशाला सञ्चालनमा आएसँगै आफूजस्तै धेरै किसान लाभान्वित हुनेमा म विश्वस्त छु।"